बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड:-९ संख्या -१० मिति:२०८३ बैशाख २८ सोमबार

भाग-२

**बडीमालिका भवन निर्माण सम्बन्धि ऐन, २०८२ अनुरुप भवनको नक्सा पास तथा निर्माणको लागि निर्देशिका, २०८२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
लोकराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्तावना :** नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनको निर्माण स्वीकृती प्रदान गर्न नगरपालिका भित्र निर्माण भएका सँरचनाहरुलाइ भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपहरुबाट यथासम्भव सुरक्षित राख्न तथा भवन निर्माण कार्यलाई व्यवस्थित तथा नियमन गर्न वान्छनीय भएकोले बडीमालिका नगरपालिका भवन निर्माण सम्बन्धी एन २०८२ लेको दफा ३१ ले दिएको अधिकार प्रयोग गरी बडीमालिका नगरकार्यपालिकाले यो निर्देशिका तरजुमा गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो निर्देशिकाको नाम "बडीमालिका नगरपालिका,भवन निर्माण सम्बन्धि ऐन, २०८२ अनुरुप भवनको नक्सा पास तथा निर्माणको लागि निर्देशिका, २०८२" रहको छ ।

(ख) यो निर्देशिका प्रमाणित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले भवन निर्माण सम्बन्धी एन २०८२ सम्झनु पर्दछ ।

( ख) "भवन संहिता" भन्नाले राष्ट्रिय भवनसंहिता, २०६० लाई सम्झनु पर्दछ ।

(घ) "भवन निर्माण निर्देशिका" भन्नाले बडीमालिका नगरपालिकाको नक्सा पास तथा भवन निर्माण निर्देशिका, २०८२ लाई सम्झनु पर्दछ ।

(ङ) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उप धारा (१) बमोजिमको नगर सभासम्झनु पर्दछ ।

(च) कार्यपालिका भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाल बडीमालिका नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख " भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(झ) "उप-प्रमुख " भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) "इन्जिनियर" भन्नाले नगरपालिकाको तर्फmबाट इन्जिनियरको कामकाज गर्ने गरी नगरपालिकाले नियुक्ती गरेको इन्जिनियर कर्मचारी सम्झनु पर्दछ ।

(ठ) "प्राविधिक कर्मचारी" भन्नाले नगरपालिकाले प्राविधिकको काम काज गर्ने गरी तोकेको सिभिल सव इन्जिनियर, असिस्टेण्ट सव इन्जिनियर तथा अमिनको कामकाज गर्न नगरपालिकाले नियुक्तगरेको कर्मचारी सम्झनु पर्दछ ।

(ड) "भवन निर्माण" भन्नाले नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनरु निर्माण गर्ने, तल्ला थप गर्ने, मोहडा फेर्ने वा साविकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा तवेला वा ग्यारेज बनाउने वा

कम्पाउण्ड वाल लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले संयुक्त आवासको लागि बनाइने भवन समेतलाई जनाउँछ ।

**३. भवन निर्माणका लागि आवेदन तथा स्वीकृति सम्बन्धि व्यवस्था**

नगरपालिकामा नक्सा पासको लागि निवेदन दर्ता, स्वीकृति तथा निर्माण सम्पन्नको सम्पूर्ण प्रक्रियाहरु निम्न अनुसार व्यवस्था गरिएकोछ ।

**३.१ नक्शा पासका चरणहरु**

(क) प्रथम चरण : प्लिन्थ लेभल सम्मको भवन निर्माण इजाजत प्रदान

(ख) दोस्रो चरण : सुपर स्टक्चरको भवन निर्माण इजाजत प्रदान

(ग) अन्तिम चरण : भवन सम्पन्न प्रमाण पत्र प्रदान

**३.२ नयाँ भवन तथा संरचना निर्माण गर्नका लागि तोकिएको फारम भरी नक्सापास गर्न आवेदन गर्नु पर्ने छ । आवेदन गर्दा आवेदन फारामका साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।**

(क) भवन तथा संरचना निर्माण गर्ने जग्गाको जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी एक प्रति ।

(ख) सम्वन्धित व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी एक प्रति

(ग) चालु आ.ब. को मालपोत तिरेको रसिद, एकिकृत सम्पतिकर लगायत नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर शुल्क तिरे बुझाएको प्रमाणको प्रतिलिपी

(घ) जग्गाको राजिनामा कागजको प्रतिलिपी

(ङ) भवन तथा संरचना निर्माण गरिने जग्गाको कित्ता नं. स्पष्ट देखिने नापी शाखाबाट प्रमाणित गरिएको नक्साको व्ल्यु प्रिण्ट वा ट्रेसको सक्कलै प्रति । प्लटिंग जग्गा भए ठूलो तथा फायल नक्शा दुबैको व्ल्यु प्रिण्टको सक्कलै प्रति ।

(च) डिजाइन एवं नक्सा तयार गर्ने फर्म वा कन्सल्टेन्सीको सहिछाप भएको प्रस्तावित भवन तथा संरचनाको A1,A2 साइज वा सो भन्दा ठूलो एमोनिया प्रिन्ट वा कम्प्युटर प्रिन्ट नक्सा ५ तिन प्रति ।

घ) घरनक्सा डिजाइनरको फर्म वा कन्सल्टेन्सिको नगरपालिकामा दर्ता भएको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी एक प्रति ।

(च) आर्किटेक्ट वा इन्जिनियरको हकमा नेपाल इन्जिनियरिंग परिषद दर्ता नं. सहितको परिचय पत्रको प्रतिलिपी एक ।

(छ) भवन निर्माण गर्ने जग्गा सम्म पुग्ने नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसारका सडकको नाम तथा क्षेत्राधिकार उल्लेख गरिएको हुनु पर्ने ।

(ज) नापीशाखाको नक्सामा तोकिएको मापदण्ड अनुसारको सडक देखिएको अवस्थामा वाहेक भवन निर्माण गर्ने जग्गा सम्म पुग्न नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसारको बाटो भएको प्रमाण एक प्रति ।

(झ) सार्वजनिक, सामाजिक, सरकारी तथा गुठी संस्थान अन्तर्गतको जग्गा कमाउने मोहीले मोहीको भाग हिस्सा नछुटाएको वा रैकरमा परिणत नगराएको जग्गामा भवन निर्माण गर्ने भएमा संम्वन्धित अधिकार प्राप्त व्यक्ति वा संस्थाको स्वीकृती पत्र एक प्रति ।

(ञ) धितोमा रहेको जग्गामा भवन निर्माण गर्ने भएमा सम्वन्धित निकायको स्वीकृत पत्रको सक्कल एक प्रति ।

(ट) अर्का (ब्यक्ति वा संघ संस्था) को जग्गामा भवन निर्माण गर्ने भएमा सम्वन्धित जग्गाधनी वा निकायले सम्वन्धित वडा अध्यक्षको रोहवरमा लेखिदिएको मञ्जुरीनामा वा स्वीकृति पत्रको सक्कल एक प्रति ।

(ठ) वारेसराखी नक्सा पास गर्नु पर्ने भएमा वारेसनामा र वारेसको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी एक-एक प्रति ।

**३.३ साविक भवन भत्काई पूनः निर्माण, थप भवन निर्माण तथा तला थप गर्नको निम्ति निम्न बमोजिमको कागजातहरु पेश गर्नु पर्ने छ ।**

(क) साविक घरको नक्सा पास भएको प्रमाण पत्रको प्रतिलिपी एक ।

(ख) नक्सा पास नगरेको तर नापी नक्सामा भवन निर्माण भएको देखिएको अवस्थामा नयाँ नक्सा पास तथा निर्माण इजाजतको लागि आवश्यक कागजातहरुको अतिरिक्त थप देहाय बमोजिम कागजात पेश गर्नु पर्ने छ ।

(अ) साविक भवन भत्काई पूनः निर्माणकालागि साविक घरको भूँई तलाको प्लान चारैतिरको इलिभेसन र साइडप्लान सहितको नक्शा तिन प्रति ।

(आ) थप भवन निर्माण तथा तला थप गर्नको निम्ति साविक घरको सबै तलाको प्लान चारैतिरको इलिभेसन सबैभन्दा अग्लो भागबाट खिचिएको सेक्सन इलिभेसन र साइडप्लान ।

CamScanner

((ग) छाना तथा मोहोडा फेर्ने कार्य गर्नको निम्ति फेर्न प्रस्ताव गरिएको छाना तथा मोहोडाको प्रस्तावित प्लान वा मोहोडाको साथै साविक छानाको प्लान वा मोहोडा पेश गर्नु पर्ने छ ।

(घ) अन्य कुराको हकमा नयाँ घर निर्माणका लागि आवश्यक कागजातहरु यसमा समेत पेश गरिएको हुनु पर्नेछ ।

**३.४ जग्गा प्लटिङ सम्वन्धी व्यवस्था**

(क) कुनै व्यक्ति वा संघ संस्थाले नगरपालिका क्षेत्रमा नयाँ बाटो खोली जग्गा प्लटिङ गर्न चाहेमा सम्पूर्ण जग्गाधनीहरुले कम्तीमा ६ मिटर चौडा सडक भएको जग्गा विकास गर्न मञ्जुर भई मञ्जुरीनामा सहित आवेदन गरी नगरपालिकामा प्लटिङ गर्न चाहेको नक्सा सहित पूर्व स्वीकृति लिनु पर्नेछ र प्लटिङ गर्दा मुख्य रुपले देहायबमोजिम र नगरपालिकाको मार्ग निर्देशनमा रही प्लटिङ गर्नु पर्नेछ ।

अ) प्लटहरुमा आवत जावत गर्ने बाटो निजी वा सार्वजनिक बाटोसंग जोडिएको हुनु पर्नेछ ।

आ) परम्परागत देखि सार्वजनिक रुपमा चल्दै आएको बाटोलाई कायमै राखिनु पर्दछ ।

इ) ६ मिटर भन्दा कम चौडाई भएको बाटोमा ग्राभेल, कालोपत्रे, विद्युत, खानेपानी, टेलिफोन तथा अन्य पूर्वाधार व्यवस्था गर्न न्युन प्राथमिकता दिइनेछ ।

ई) जग्गा प्लटिङ गरी विक्री गरिने क्षेत्रमा माथि उल्लेखित सडक, ढल, खानेपानी, विजुली जस्ता आधारभुत कुराहरुको व्यवस्था प्लटिङ गर्ने व्यक्ति वा संघसंस्थाले नै गर्नु पर्ने छ ।

उ) प्लटिङ गरी विक्री वितरण गरीने घर घडेरी विच विचमा एक रोपनी जग्गा सार्वजनिक स्थल समेतको व्यवस्था प्लटिङदाताले गर्नु पर्ने ।

ऊ) नगरपालिकाको स्वीकृत नलिईकन प्लटिङ गरी विक्री वितरण गरेमा वा ६ मिटर भन्दा सानो बाटो खोली जग्गा प्लानिङ नगरपालिका घरनक्सा पास गरी दिन र विकास निर्माणमा सहयोग गर्न बाध्य हुने छैन ।

**३.५ निर्माण इजाजत प्रदान**

निर्माण इजाजत नलिई निर्माण कार्य गर्न गराउन पाइने छैन । नगरपालिकामा आवेदन दर्ता भए पछि देहाय अनुसारको प्रक्रिया पुरा गरी प्रथम चरणको निर्माण इजाजत प्रदान गरिनेछ ।

(क) माथि बुंदा २ र ३ मा लेखिएको कागजात सहित नगरपालिकाले तोकेको शुल्क तथा दस्तुर तिरी नगरपालिकामा आवेदन दर्ता गराउनु पर्नेछ ।

(ख) नगरपालिकामा दर्ता हुन आएको आवेदन प्राविधिकबाट जाँच गरी कार्यवाही अगाडी बढाउन उपयुक्त देखिएमा सधियारको नाममा १५ पन्ध्र दिने सूचना जारी गरीनेछ । पन्ध्र दिने सूचना जारी गर्दा देहाय अनुसार गरिने छ ।

(अ) सम्बन्धित सधियारकै नाउँमा सूचना जारी गरी सधियारकै नाउँमा तामेल गरिने छ । तर सम्बन्धित सधियार फेला नपरेमा वा विदेश गएको भन्ने प्रमाणित भएको अवस्थामा प्रचलित नेपाल कानुन बमोजिम म्याद तामेल गरिने छ ।

(आ) अ बमोजिम म्याद तामेल गर्दा जसले म्याद बुझेको छ उसैलाई सधियारको हैसियतले सर्जमिन मुचुल्कामा सहिछाप गराउनु पर्ने छ ।

(इ) वेपते तामेल भएको अवस्थामा सम्बन्धित जग्गाको नजिकको सधियारलाई वडा समितीका पदाधिकारी वा वडा सचिबको रोहवरमा सर्जमिनमा सहिछाप गर्न लगाउनु पर्नेछ ।

(ई) बेपते तामेल भएको हकमा राष्टिय स्तरको स्थानीय दैनिक पत्रिकामा सम्बन्धित सधियारको नाउँमा पन्ध्र दिनको सूचना जारी गर्नु पर्नेछ ।

(उ) माथि इ को व्यवस्था बमोजिम सहिछाप भई आएको सरजमिन तथा प्राविधिकको प्रतिवेदनको आधारमा दिइने निर्माण इजाजत कानुन बमोजिम भएको मानिने छ । तर मुलुकि ऐन जग्गा मिच्नेको महल तथा घर बनाउनेको महल बमोजिम हुनेमा यसले कुनै बाधा पुर्याउने छैन ।

(ग) पन्ध्र १५ दिने सूचनाको म्याद समाप्त भए पछि नगरपालिकाका तोकिएका प्राविधिक तथा कर्मचारीहरुद्धारा स्थलगत सर्जमिन तथा निरक्षण गर्ने गराउने छ ।

(घ) स्थलगत सर्जमिन तथा निरिक्षणबाट व्यक्ति, संघ संस्था तथा सार्वजनिक जग्गामा हानी नोक्सानी वा नमिचिने अवस्था देखिने भनि प्राविधिक तथा कर्मचारीको सर्जमिन प्रतिवेदन प्राप्त भए पछि नगरपालिकाको निर्णय बमोजिम प्रथम चरणको इजाजत प्रदान गरिने छ । तर जग्गा मिचिएको लगायत अन्य निप्टारा गर्न पर्ने विवाद रहेको अवस्थामा त्यस्तो विवादको निप्टारा नभए सम्म निर्माण इजाजत प्रदान गरिने छैन ।

(ङ) निर्माण इजाजत साथ पास भएको भवन तथा संरचनाको प्रमाणित नक्शा एक प्रति निवेदकलाई उपलब्ध गारउनु पर्नेछ ।

(च) प्रथम चरणको निर्माण इजाजत प्लिन्थ सम्मको हुने भएकोले यसै इजाजतको आधारमा घर सम्बन्धी कुनै पनि सिफारिस दिइने छैन ।

## ३.६ दोस्रो चरणको निर्माण इजाजत प्रदान

पहिलो चरणको निर्माण कार्य सम्पन्न भए पछि सम्बन्धित घर धनि वा निजको वारिसले दोस्रो चरणको निर्माण कार्यका लागि नगरपालिकामा आवेदन गर्नु पर्नेछ । यसरी आवेदन पर्न आए पछि देहाय अनुसारको प्रक्रिया पुरा गरी दोस्रो चरणको निर्माण इजाजत प्रदान गरिने छ ।

क) भवन संहिताले व्यवस्था गरे बमोजिमको प्राविधिकको प्रतिवेदन माग गर्नु पर्नेछ ।

CamScanner

ख) प्रथम चरणको निर्माण सम्पन्न भएको भवन तथा संरचना नक्शा बमोजिम निर्माण भए नभएको तथा सधियारको लगायत सार्वजनिक जग्गा मिचिएको नमिचिएको सम्बन्धमा प्राविधिकको प्रतिवेदन माग गर्नु पर्नेछ ।

ग) नक्शा बमोजिम निर्माण भएको, सधियारको तथा सार्वजनिक जग्गा नमिचिएको प्रतिवेदन प्राप्त भएमा नगरपालिकाको निर्णय बमोजिम दोस्रो चरणको भवन निर्माण इजाजत प्रदान गरिने छ ।

घ) नक्शा बमोजिम निर्माण नभएको तर सधियारको तथा सार्वजनिक जग्गा नमिचिएको र मापदण्ड भित्रै रहेर निर्माण भएको भनि प्रतिवेदन पेश भएको अवस्थामा यसै निर्देशिकाले व्यवस्था गरे बमोजिम नक्शा संशोधन गरी गराई मात्र दोस्रो चरणको इजाजत प्रदान गरिनेछ ।

(ङ) सधियारको तथा सार्वजनिक जग्गा मिचिएको भनि प्रतिवेदन प्राप्त हुन आएमा जग्गा मिचि निर्माण भएको संरचाना हटाउने वा भत्काउने कार्य भए पछि पुन प्राविधिक जाँच गरी गराई मात्र दोस्रो चरणको इजाजत प्रदान गरिने छ ।

### ३.७ अन्तिम चरण तथा भवन निर्माण सम्पन्न प्रमाण पत्र प्रदान

निर्माण कार्य सम्पन्न भएको जानकारी सहित सम्बन्धित घर धनीले निर्माण सम्पन्न प्रमाण पत्र पाउँन नगरपालिकामा निवेदन गर्नु पर्नेछ । यसरी निवेदन पर्न आए पछि देहाय अनुसारको प्रक्रिया पुरा गरी निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछ ।

(क) नक्शा डिजाइन तथा तयार गर्ने सम्बन्धित डिजाइनर, फर्म वा कन्सल्टेन्सिसँग नगरपालिकाले सुपरिवेक्षण प्रतिवेदन माग गर्नु पर्नेछ ।

(ख) दोस्रो चरणको निर्माण सम्पन्न भएको भवन तथा संरचना नक्शा बमोजिम निर्माण भए नभएको सम्बन्धमा प्राविधिकको सुपरिवेक्षण प्रतिवेदन माग गर्नु पर्नेछ ।

(ग) सम्बन्धित प्राविधिकबाट नक्शा बमोजिम निर्माण भएको सुपरिवेक्षण प्रतिवेदन प्राप्त भएमा नगरपालिकाको निर्णय बमोजिम सम्पन्न प्रमाण पत्र प्रदान गरिने छ ।

(घ) नक्सा बमोजिम निर्माण नभएको अवस्थामा तर मापदण्ड भित्रै निर्माण भएको अवस्थामा मात्र संशोधित सुपर स्टक्चर (दोस्रो चरण) को नक्सा पेश गरी नक्सा संशोधन गरी गराई मात्र अन्तिम चरणको प्रमाण पत्रका लागि निवेदन गर्नु पर्नेछ ।

(ङ) भवन संहिता विपरित भवन तथा संरचना निर्माण भएको भए अन्तिम तथा सम्पन्न प्रमाण पत्र प्रदान गरिने छैन ।

CamScanner

३.८ **माथि उल्लेखित बमोजिम हालको नक्शा पास प्रक्रियाको संक्षिप्त विवरण यसप्रकार छन् ।**

(क) नगरपालिकाबाट ईजाजत प्राप्त प्राविधिकद्वारा मापदण्ड अनुसार भवनको आर्किटेक्चरल डिजाईन तथा भवन निर्माण सहिंता २०६० अनुसार स्ट्रक्चरल नक्सा÷तयार गराउने ।

(ख) नक्सा शाखाबाट नक्सा दरखास्त फाराम खरीद गर्ने ।

(ग) घर जग्गा धनी तथा नक्सा डिजाईनरले फर्म भरी नक्सा शाखामा नक्सा दरखास्त दिने ।

(घ) नापी नक्सा, ट्रेसको आधारमा जग्गाको आकार नाप, क्षेत्र निर्धारण गरीएको नक्साको आधारमा क्षेत्र तथा मापदण्ड बमोजिम प्रस्तावित बाटाको चइध, कभत दयबअप निर्धारण गर्ने ।

(ङ) मापदण्ड अनुसार प्रस्तावित नक्सा ठीक छ÷छैन सब-ईन्जिनियर द्वारा जांच गर्ने ।

(च) भवन संहिता अनुसार स्ट्रक्चरल नक्शा÷डिजाईन ठिक छ छैन सब-ईन्जिनियरद्धारा जाँच गरी नक्शा दर्ताको लागि सिफारिस गर्ने ।

(छ) प्रशासनिक कर्मचारीद्वारा कागजात प्रमाणको जांच गर्ने ।

(ज) नक्शा ठीक भए पछि नक्सा वापत लाग्ने दस्तूर बुझाउने ।

(झ) उपरोक्त प्रक्रिया पुरा भए पछि नक्सा दरखास्तको मूल दर्ता गर्ने ।

(ञ) चार किल्लाको सधियारलाई सूचना जारी गर्न, सूचना प्रति म्याद टांस मुचुल्का तथा एक प्रति नक्सा सहित सम्बन्धित वडा कार्यालयमा पठाउने ।

(ट) म्याद टाँस मुचुल्का प्राप्त भए पछि म्याद टाँस भएको मितिले १५ दिन पछि कार्यालयको सर्जमिन तालिकाको आधारमा सर्जमिन हुने ।

(ठ) सर्जमिन मुचुल्कामा वडा अध्यक्षज्यू बाट सही हुने ।

(ड) सर्जमिनमा निरीक्षण गर्ने सब-ईन्जिनियरद्वारा स्थलगत निरीक्षणको प्राविधिक प्रतिवेदन पेश गर्ने ।

(ढ) जग्गा धनी प्रमाण पुर्जा, नागरीकता आदि कागजातको सक्कल प्रति रुजु गर्ने ।

(ण¬¬) ईन्जिनियरद्वारा सम्पूर्ण प्राविधिक तथा प्रशासनिक कागजात जांच गरी प्रमुख प्रशासकीय अधिकृतज्यू समक्ष टाईबिम (प्लीन्थ) लेबल सम्मको अस्थायी ईजाजतको लागि सिफारिस सहित नक्सा फाईल पेश गर्ने ।

(त) भवन निर्माण अस्थायी ईजाजत प्रमाणपत्र तथा अस्थायी स्वीकृत नक्सा वितरण गर्ने ।

(थ) घर जग्गा धनीबाट भवन निर्माण स्थायी इजाजत पत्रको लागि आवेदन दिने ।

(द) ईन्जिनियरबाट स्थलगत निरिक्षण आदेश ।

CamScanner

(ध) सब-इन्जिनीयरबाट टाई विम सम्म निर्माणको स्थलगत निरिक्षण र प्राविधिक रिपोर्ट तयार गरी गर्ने ।

(न) ईन्जिनियरबाट स्थायी इजाजत पत्रमा सही गर्ने ।

(प) प्रमुख प्रशासकीय अधिकृत ज्यू बाट स्थायी इजाजत पत्रमा सही गर्ने ।

(फ) भवन निर्माण स्थायी ईजाजत प्रमाण-पत्र तथा स्थायी स्वीकृत नक्सा वितरण गर्ने ।

(भ) भवन निर्माण कार्य पुरा भएपछि घर जग्गा धनीबाट निर्माण सम्पन्न प्रमाण पत्रको लागि आवेदन दिने ।

(म) ईन्जिनियरबाट स्थलगत निरिक्षण आदेश ।

(य) सब-इन्जिनीयरबाट भवन निर्माणको स्थलगत निरिक्षण र प्राविधिक रिपोर्ट तयार गरी पेश गर्ने ।

(र) ईन्जिनियरबाट निर्माण सम्पन्न प्रमाण पत्रमा सही गर्ने ।

(ल) प्रमुख प्रशासकीय अधिकृत ज्यू बाट निर्माण सम्पन्न प्रमाण पत्रमा सही गर्ने ।

(व) भवन निर्माण सम्पन्न प्रमाण पत्र वितरण गर्ने ।

**३.९ माथि उल्लेखित बमोजिम नयां निर्माण कार्यको लागि नक्सा पास गर्न अनिवार्य पेश गर्नुपर्ने कागजातहरु यसप्रकारका छन् ।**

(१) जग्गा धनी प्रमाण पत्र लालपूर्जा) को प्रतिलिपि — एक प्रति

(२) चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद वा तमसुकको प्रतिलिपि — एक प्रति

(३) नागरिकता प्रमाण पत्रको प्रतिलिपि — एक प्रति

(४) कित्ता नं. समेत प्रष्ट भएको नापी नक्सा (ट्रेस) को सक्कल — एक प्रति

(५) पास गरिने आर्किटेक्चरल नक्साको फोटोकपी (निवेदक तथा डिजाइनरको सहीछाप, हस्ताक्षर समेत हुनुपर्ने) — पाँच प्रति

(६) पास गरिने स्ट्रक्चरल नक्साको फोटोकपी (निवेदक तथा डिजाइनरको सहीछाप, हस्ताक्षर समेत हुनुपर्ने) — पाँच प्रति

CS CamScanner

(७) डिजाइनर इजाजत पत्रको प्रतिलिपि (नगरपालिकाले प्रमाणित गरेको र नवीकरण समेत भएको) एक प्रति

(८) पासपोर्ट साइजको फोटो पाँच प्रति

(९) मन्जुरी लिई बनाउने भएमा,

(क) जग्गा धनीले मन्जुरी दिएको मन्जुरीनामा सक्कल (नक्सा शाखाको रोहोवरमा सनाखत हुनु पर्नेछ) एक प्रति

(ख) मन्जुरी लिने व्यक्तिको नागरिकता प्रतिलिपि एक प्रति

(१०) वारिस भएमा वारिसको नागरिकताको प्रतिलिपि एक प्रति

(११) प्लीन्थ एरिया एक हजार वर्ग फीट भन्दा बढी वा तिन तल्लाभन्दा बढी भएमा स्ट्क्चरल डिजाइन क्याल्कुलेशन रिपोर्ट एक प्रति

(१२) स्थायी इजाजतको लागि जग र टाइ विम निर्माणको फोटो एक प्रति

(१३) निर्माण सम्पन्न प्रमाण पत्रको लागि निर्माण भएको घरको फोटोहरु (संभव भएसम्म चारै मोहडा र छाना समेतको) एक प्रति

पुनश्च :

(क) मन्जुरीनामा र वारिसनामा पत्रको अक्षर र औंठाको छाप कालो मसीबाट नेपाली कागजमा नै पेश गर्नु पर्नेछ ।

(ख) निवेदक मोही भएमा जग्गा धनी वा गुठीको मन्जुरीनामा पत्र पेश गर्नु पर्नेछ ।

(ग) नापी नक्सामा नदेखिएका तर फील्डमा देखिने बाटोहरुको सम्बन्धमा सम्वन्धित वडाबाट दिशा र बाटोको चौडाइ समेत खुलाइएको सिफारीश पत्र पेश गर्नु पर्नेछ ।

(घ) नापी नक्सा र भोगचलन गरेको जग्गाको आकार प्रकार फरक भएमा सम्बन्धित वडाको भोगचलन सम्बन्धि सिफरिश पत्र पेश गर्नु पर्नेछ ।

**३.१० साविक घर भत्काई नयां घर बनाउन पेश गर्नुपर्ने आवश्यक कागजातहरु यसप्रकारका छन् ।**

(१) नापी नक्सामा नदेखिने तर पास भएको भए, पास नक्सा र नक्सा पास प्रमाण

पत्रको प्रतिलिपि 	एक प्रति

(२) नापी नक्सामा देखिने घर भए सोको भुई तल्लाको प्लान, चार किल्लाको मोहडा र साइट प्लान समेतको नक्सा प्रतिलिपि 	पाँच प्रति

(३) भत्काउने घरको फोटोहरु (संभव भएसम्म चारै मोहडा र छाना समेतको) प्रति 	एक

(४) अन्य कागजातको हकमा नयाँ नक्सा पास गर्दा आवश्यक पर्ने सबै कागजातहरु पेश गर्नु पर्नेछ ।

**३.११ तल्ला थप गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु यसप्रकारका छन् ।**

१) पास भएको नक्सा र पास पुर्जीको प्रतिलिपि 	एक प्रति

२) नापी नक्सामा देखिने घरको सम्वन्धमा प्रस्तावित तल्ला थप घरको नक्सा सहित साविक घरको सबै प्लान, चार किल्ला मोहोडा, सबैभन्दा अग्लो ठाउंको क्रस सेक्सन र साइत प्लान समेतको नक्सा प्रतिलिपि 	पाँच प्रति

३) अन्य कागजातको हकमा नयां नक्सा पास गर्दा आवश्यक पर्ने सबै कागजातहरु पेश गर्नु पर्नेछ ।

**३.१२ म्याद थपको लागि अनिवार्य पेश गर्नु पर्ने कागजातहरु ः**

(क) निवेदन 	१ प्रति

(ख) पास नक्साको छांया प्ति 	१ प्रति

(ग) पास पूर्जिको छायां प्रति 	१ प्रति

(घ) जग्गाधनी पुर्जाको छायां प्रति 	१ प्रति

(ङ) चालु आ.व. को मालपोत रसिद 	१ प्रति

(च) नागरिकता छायां प्रति 	१ प्रति

(छ) नक्शा पास गर्दा लिएको नक्शा करको ५ प्रतिशत दस्तुर लाग्ने छ ।

CamScanner

३.१३ **मर्मत ईजाजतको लागि अनिवार्य पेश गर्नु पर्ने कागजातहरु ः**

| | | |
|---|---|---|
| (क) | निवेदन (कार्यलयबाट वितरण हुने मर्मत फाराम) | १ प्रति |
| (ख) | जग्गाधनी पुर्जाको छायां प्रति | १ प्रति |
| (ग) | चालु आ.ब. को मालपोत रसिद | १ प्रति |
| (घ) | नागरिकता छायां प्रति | १ प्रति |
| (ङ) | सक्कल नापी नक्शा | १ प्रति |
| (च) | मर्मत गर्ने घर÷पर्खालको फोटो | १ प्रति |

नक्शा कर रु .............

नोट :

(१) मर्मत इजाजतको लागि सम्बन्धित वडाबाट मर्मत सिफारिस लिनु पर्नेछ ।

**३.१४ नामासारीको लागि अनिवार्य पेश गर्नु पर्ने कागजहरु निम्न अनुसार छन् ।**

(१) जग्गा धनी प्रमाण पत्र ( लालपूर्जा ) को प्रतिलिपी

(२) क) चालु आर्थिक बर्षको मालपोत तिरेको रसिद प्रतिलिपी

ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

ग) नामासारी निवेदन

घ) कित्ता नं. समेत प्रष्ट भएको नापी नक्साको सक्कल

(३) मन्जुरी लिई नामासारी गर्नु पर्ने भएमा ः

क) जग्गा धनीले मन्जुरी दिएको मन्जुरीनामा सक्कल (नक्सा शाखाको रोहवरमा सनाखत हुनु पर्ने छ ।

ख) मन्जुरी लिने दिने व्यक्तिको नागरिकता प्रतिलिपी

ग) वारिस भएमा वारिसको नागरिकता प्रतिलिपी

घ) मन्जुरीनामा र वारिसनामा पत्रको अक्षर र औंठा छाप कालो मसीबाट नेपाली कागजमा नै पेश गर्नु पर्ने ।

(४) साविक कित्ताबाट भएको खण्डमा बडीमालिका नगरपालिकाबाट श्रेस्ता उतार गरि पेश गर्नुपर्दछ ।

CS CamScanner

(५) नक्सा नामसारी गर्नको लागि बाजुरा मालपोत कार्यालयको रजिष्टे॰शन तमसूकमा घर जग्गाको व्यहो देखिएमा मात्र नक्सा नामसारी गर्नेछ ।

(६) बाजुरा मालपोत कार्यालयबाट रजिष्ट्रेशन, तमसूक पास मितिले ३५ दिन नाघे पछि मात्र नामसारी गर्नेछ ।

(७) बाजुरा मालपोत कार्यालयबाट रजिष्टे॰शन, तमसूक पासतह, तह भएको खण्डमा सोही अनुसार रजिष्टे॰शन, तमसूक पास भएको कागजात पत्रहरु पेश गर्नुपर्नेछ ।

(८) नक्सावालाको मृत्यु भएको अवस्थामा ः(

(क) मृत्युदर्ताको प्रमाण पत्र प्रतिलिपी एक प्रति

(ख) नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपी एक प्रति

(ग) बाजुरा मालपोत कार्यालयबाट जग्गा धनी दर्ता प्रमाण पूर्जाको तयारी गरिएको टिप्पणी र आदेश पत्रको प्रतिलिपी एक प्रति,

(९) नक्सा नामसारी दस्तुर :

प्रति वर्ग फिट रु. ..........

प्रति वर्ग फिट रु. .......... ( पैत्रिक सम्पतिबाट नामासारी माग हुने हकमा मात्र)

(१०) नक्सा नामसारी गर्ने सक्कल :

क) नक्सा, नक्सापास प्रमाण ( पत्र ÷ प्रति व्यक्ति फोटो दुई प्रति

ख) निमार्ण सम्पन्न प्रमाण ( पत्र÷ प्रति व्यक्ति फोटो दुई प्रति

(११) नामसारीको लागि माथि उल्लेखित सक्कल कागजातपत्रहरु सम्वन्धित कर्मचारी (व्यक्ति)लाई अनिवार्य रुपले देखाउनुपर्नेछ ।

(१२) माथि उल्लेखित आवश्यक कागजात पत्रहरु निवेदन साथ संलग्न भएमा सोको छानविन गरि रीत पुगेको भए ७ सात दिन भित्र नामसारी गर्न सक्नेछ । अन्यथा रीत नपुगेको खण्डमा सोही अनुसार बढी समय लाग्नेछ ।

**३.१५ नक्शा पास प्रक्रियाका विभिन्न चरणहरुमा कसले लागि कसले के गर्ने भन्ने जिम्मेवारीको विवरण यस प्रकार छन् ।**

| सि.नं. | कार्य विवरण | जिम्मेवारी | कैफियर |
|---|---|---|---|
| १ | आवश्यक कागजात संलग्न राखी निवेदन पेश गर्ने | निवेदक | |
| २ | तोक आदेश | प्रमुख प्रशासकिय अधिकृत | |
| ३ | मापदण्ड अनुसारको भवन नक्सा र संलग्न कागजातहरु ठीक भएमा नियमानुसार लाग्ने शुल्क निर्धारण गर्ने | प्राविधिक शाखा | |
| ४ | निर्धारित शुल्क र बाँकी बक्यौता असुल | राजश्य उप शाखा | |
| ५ | मूल दर्ता गर्ने | दर्ता चलानी | |
| | १५ दिने सूचना प्रकाशन | अमिन शाखा | |
| ६ | सूचना प्रकाशित गरेको मुचुल्का तयार गर्ने | वडा कार्यालय | |
| ७ | उजुरी परेमा छानविन गर्ने | प्राविधिक शाखा | |
| ८ | संलग्न कागजातहरु अध्ययन गरी सर्जमिनको मिति निर्धारण गरी निवेदकलाई जानकारी दिने | वडा कार्यालय | |

CamScanner

| | | |
|---|---|---|
| ९ | निर्धारित दिनमा प्राविधिक कर्मचारी सहित सम्वन्धित स्थलमा गई नियमानुसार सर्जमिन गर्ने | प्राविधिक शाखा |
| १० | प्रतिवेदनको आधारमा सजमिन बमोजिम (हक वेहक) अन्य खिचलो भए प्रमुख प्रशासकिय अधिकृत संवन्धित वडा अध्यक्ष र प्रमुखको निर्देशन अनुसार दुवैपक्षलाई राखी छिनोफानो गर्ने | प्राविधिक शाखा |
| ११ | दुवैको मन्जुरी भएमा सर्जमिनको आधारमा टिप्पणी उठाउने | वडा कार्यालय |
| १२ | टिप्पीमा राय दिने | इन्जिनियर. |
| १३ | निर्माण कार्य प्लिन्थ लेवलसममको (आंशिक) स्वीकृति दिने | इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत |
| १४ | प्लिन्थ लेवल सम्मको काम सम्पन्न भई निवेदन प्राप्त भएका सुपरीवेक्षण गर्ने | प्राविधिक शाखाको प्राविधिक |
| १५ | प्लिन्थ लेवल सम्मको निर्माण कार्यको प्रतिवेदन दिने | प्राविधिक शाखा |
| १६ | प्राप्त प्रतिवेदनको आधारमा स्टक्चर निर्माणको आधारमा स्थायी भवन नक्शा पासको लागि प्राविधिक प्रतिवेदन÷ टिप्पणी उठाउने | प्राविधिक शाखा |
| १७ | सुपर स्टक्चर निर्माण कार्यका लागि स्वीकृत दिने (स्थायी नक्शा पास तथा निर्माण इजाजत प्रदान गर्ने) | इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत |
| १८ | निर्माण कार्य सम्पन्न प्रमाणपत्रको स्थलगत निरिक्षण | प्राविधिक शाखा |
| १९ | प्राविधिक प्रतिवेदन | प्राविधिक शाखा |
| २० | टिप्पणी | प्राविधिक शाखा |
| २१ | निर्माण कार्य सम्पन्न प्रमाणपत्र प्रदान | इन्जिनियर र प्रमुख प्रशासकिय अधिकृत |
| २२ | सेवा सुविधाको निमित सिफारिस | प्रकृति हेरी विभिन्न शाखाहरु |

**४. नक्सा पास सम्बन्धमा नक्सा निबेदकले ध्यान दिनुपर्ने कुराहरु ।**

CamScanner

(१) साविकदेखि चली आएको पानी र ढल निकास बन्द गर्न पाइने छैन, ढल निकासको लागि आवश्यक परेको खण्डमा आफनो जग्गाबाट साविक बमोजिम निकास लैजान दिनु पर्नेछ ।

(२) नक्सा पास नगरी निर्माण कार्य गर्नु हुंदैन । नक्सा पास नहुंदै निर्माण कार्य गरे÷नगरेको कुनै पनि बखत साइट जाँच गरी कारवाही गर्न सकिनेछ ।

(३) नक्सा कर सबै क्षेत्र तथा उपक्षेत्रमा रु. ......प्रति वर्गफिट लाग्नेछ ।

(४) नियमपूर्वक नक्सा दर्ता भई सकेपछि १५ दिने सन्धियार सूचना पत्र, एक प्रति नक्सा सहित सम्बन्धित वडा कार्यालयमा पठाइनेछ र सन्धियारको १५ दिने म्याद समाप्त भई कसैको उजुरी नपरेमा मात्र सर्जमिन गरिनेछ ।

(५) सर्जमिनको अवस्थामा आफनो सिमाना प्रष्ट हुने गरी हरेक कुनामा २" ह २" काठको पेग किल्ला जमिन भन्दा माथि १'( ०" सम्म देखिने गरी गाडिएको हुनु पर्नेछ । अन्यथा सर्जमिन गर्न कार्यालय बाध्य हुनेछैन ।

(६) नक्सा पास म्याद दुइ बर्षसम्म हुनेछ र अन्तिम एक पटकको लागि मात्र नियमानुसार ५५ थप दस्तुर बुझाई पुनः दुई बर्ष म्याद थप गरिने छ । म्याद थपको निबेदन नक्सा पास मितिले चार वर्षभित्र पेश गरिसक्नु पर्नेछ ।

(७) यस नगरपालिका कार्यालयबाट इजाजत प्राप्त डिजाइनर वा कन्सल्टेन्सीबाट सिफारिस गरिएका नक्साहरूमात्र पास प्रक्रियाको लागि अगाडि बढाइनेछ ।

(८) नक्सा पास प्रक्रिया समाप्त भई सकेपछि निवेदक वा अधिकार प्राप्त वारेसलाई नक्सा एक प्रति, नक्सा इजाजत प्रमाण पत्र एक प्रति र निवेदन पत्र एक प्रति दिइनेछ ।

(९) पास नक्साभन्दा फेरबदल गरी निर्माण कार्य चालु राख्न परेमा फेरबदल गर्न खोजे अनुसारको संशोधित नक्सा तयार गरी स्वीकृतीको लागि पेश गर्नु पर्नेछ र स्वीकृत भए अनुसार मात्र निर्माण कार्य गर्नु पर्नेछ ।

(१०) निर्माण कार्य सम्पन्न भई सकेपछि निर्माण सम्पन्न प्रमाण पत्र लिन निबेदन दिनु पर्नेछ । धारा, बिजुलि, टेलिफोन इत्यादि सेवा सुविधाहरु उपभोग गर्न निर्माण सम्पन्न प्रमाण पत्र लिन अनिवार्य गरिएकोछ ।

(११) निर्माण सम्पन्न प्रमाण पत्र पूरा वा आंशिक रुपमा पनि लिन सकिनेछ ।

CamScanner

(१२) पास नक्साभन्दा फरक गरी मापदण्ड विपरीत हुने गरी निर्माण कार्य गरेमा निर्माण सम्पन्न प्रमाण पत्र दिन यस कार्यालय बाध्य हुनेछैन र घरधनी अन्य सेवा सुविधाहरुवाट बन्चित हुनुको साथै कुनै पनि बेला भत्काउने कार्यवाही समेत हुन सक्नेछ ।

(१३) नगरको बजार, भित्री वस्तीमा परेका स्थानहरुमा नयाँ भवनहरुको निर्माण गर्दा भवनमा आवत जावत गर्न सडक वा वाहिरी मोहडामा खुड्किला आफ्नै जग्गामा पर्ने गरी मात्र निर्माण गर्नु पर्नेछ ।

## ५. नक्सा डिजाइन सम्बन्धमा डिनाइनरले ध्यान दिनु पर्ने कुराहरु

डिनाइनरले नगरपालिकामा नक्सा ड्इङ् +डिजाइन पेश गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

(१) **DRAWING DISCRIPTION**

1. Floor Plans - *All floors*
2. Elevations - *Four sides with direction*
3. Cross Section - *HIghest part in staircase portio*
4. Site Plan - *With all diagonal lines*
5. Location Plan - *With free hand sketch in North Direction*
6. Opening Schedule Table -
7. Name Tag -
8. North - *Survey direction*

(२) **DRAWING SCALE**

CamScanner

1. Paper Sizes - *A1 = 840 X 594 mm.*

*A2 = 594 X 420 mm.*

*A4 = Only for correction*

2. Scale Factor - *1" = 8'0" or 1" = 4'0"*

*1 : 100 or 1 : 50*

3. Site Plan Scale - *Upto 1 Ropani - 1" = 8'0" or 1 : 100*

*- Upto 3 Ropanis - 1" = 16'0" or 1 : 200*

*- More than 3 Ropanis - 1" = 32'0" or 1 : 400*

**(३) DIMENSION STYLE**

1. In all Floor Plans - *i. Element to Element*

*ii. Center to center*

*iii. Over all*

*iv. Internal room size.*

४) साइटप्लानमा निम्न विवरणहरु उल्लेख हुनु पर्नेछ ।

१) उत्तर ९लइच्त्ज्० नापी दिशा तर्फ नै हुनु पर्नेछ ।

२) क्षेत्रफल निकाल्न आवश्यक म्क्च्नइल्ब्ी सहितको संपूर्ण नाप फुट उल्लेख गर्नु पर्नेछ ।

३) भ्हक्त्दल्न् द्यगक्ष्ीम्क्ल्न् भएमा सो को नाप फुट ९ऐक्ल्त्ज्०, ऋइखच्च्न्भ, ँीइइच् ब्च्ञ् समेत उल्लेख गर्नु पर्नेछ ।

४) ढल भएको ठाँउमा ढलको दिशा र सो ढल सम्मको एक्ष्एभ् ीक्ल्भ् समेत उल्लेख गर्नु पर्नेछ ।

५) ढल नभएको ठाउँमा सेप्टीक ट्याङ्क र सकपीटको एइक्क्त्कषइल् र म्क्ष्भ्ल्वक्षइल् समेत उल्लेख गर्नु पर्नेछ ।

६) प्क्न्जत् ई ध्ब्थ् ीक्ल्भ, बभ्त् द्यब्क्प ीक्ल्भ, चइब्म् ध्क्म्त्ज र चइब्म् छेउवाट सिमाना सम्मको दूरी तथा सिमाना देखि प्रस्तावित घर सम्मको दूरीको नाप फुट समेत उल्लेख गर्नु पर्नेछ ।

७) ऐक्ल्ज भन्दा वाहिर एचइव्भ्कत्क्षइल् हुने भाग मइत्भ्म् ीक्ल्भ् मा समेत उल्लेख गर्नु पर्नेछ ।

पुनश्च

CamScanner

क) उल्लेखित जग्गा सम्म सजिलै पुग्न सक्ने गरी मूल सडक सम्मको ोइक्ब्त्क्षइल् ऐब्त् पेश गर्नु पर्नेछ ।

ख) भवन सम्बन्धी मापदण्ड तथा राष्ट्रिय भवन संहिता पूर्णतया पालना गरी नक्सा तयार गरिएको हुनु पर्नेछ । अन्यथा नक्सा रद्द सक्नेछ ।

ग) मापदण्ड वा साविक/प्रस्तावित बाटो सम्बन्धी कुनै अस्पष्ट भएमा कार्यालयको प्राविधिक शाखामा संपर्क राखी मात्र नक्सा तयार पर्नेछ ।

घ) डिजाइनर इजाजत पत्र प्रतिलिपि फाईलमा संलग्न गर्दा सम्बन्धित डिजाइनरले प्रमाणीत गरीएको हुनु पर्नेछ ।

:) ड्रइङ सिट फरमेट

## DRAWING SHEET FORMAT



## ६. निर्माण कार्य गर्दा निर्माणकर्ताले पालना गर्नु पर्ने शर्तहरू

निर्माण कार्य गर्दा निर्माणकर्ताले पालना गर्नु पर्ने शर्तहरू यसप्रकार छन् ।

१) अर्कालाई दुर्गन्ध नआउने गरी आफ्नो हकको जग्गामा चर्पी राख्नु पर्दछ र सोको लागि सेप्टीक ट्याङ्क र आवश्यकता अनुसार सकपीट बनाउन पर्दछ ।

२) किलासको हकमा आफ्नो छुट्टा छुट्टै कायम गर्नु पर्छ ।

३) नक्सामा लेखिएको भन्दा बढी गरी बनाउन हुंदैन ।

४) कौशीको निकास तर्काउन ढुंढ नराखी गोल पाइप राख्नु पर्छ ।

५) अरु कसैको साविक भएको बाटो, निकास बन्द गर्नु हुँदैन ।

६) सडक, बाटो ढल, मंगाल, गौचर, पाटी, पौवा, देवालय, शिवालय, नदीनाला, पोखरी आदी सार्वजनिक स्थल र मनाहि गरिएको ठाउँको साथै अर्काको जग्गा समेत मिच्नु हुँदैन ।

७) यस नगरपालकिा तथा अन्य निकायका कर्मचारीहरूले जाँच्न आउँदा जुनसुकै बखतमा पनि यो इजाजत पत्र, नक्सा र बनिरहेको वा बनिसकेको घरको नक्सा अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

८) यो नक्सा पास भएको कारणले मात्र आफ्नो हक लाग्ने वा सार्वजनिक जग्गा भनी कसैको उजुरी पर्न आएमा सो सम्बन्धि कारवाही चलाउन कुनै बाधा पर्ने छैन । सो नक्सावालाको हक कच्चा ठहरिएमा यो इजाजत पत्र स्वतः निस्कृय हुनेछ ।

९) निर्माण कार्य गर्दा सडकमा यातायात तथा मानिसहरू आवज जावत गर्न असुविधा हुने गरी माटो, ईटा, छड, जाली निर्माण सामग्री थुपारी राख्न हुँदैन । आफ्नो जग्गामा राख्नु पर्नेछ । अन्यथा नगरपालिकाले उठाई जफत गर्न सकिने छ ।

१०) नक्सा पास भएको मितिले २ वर्ष भित्र निर्माण कार्य पुरा गरिसक्नु पर्दछ । सो अवधि भित्र निर्माण कार्य पूरा नभएमा नियमानुसार थप ५ ५ नक्सा दस्तुर तिरी बढीमा अर्को २ वर्षसम्मको लागि अन्तिम एक पटक म्याद थप गर्न सकिने छ । सो म्याद भित्र पनि निर्माण कार्य पूरा नभएमा अर्को नक्सा पास गरी मात्र बनाउनु पर्नेछ ।

११) म्याद भित्र निर्माण कार्य पूरा गरी भवन निर्माण सम्पन्न प्रमाण–पत्र समेत अनिवार्य लिनु पर्नेछ ।

१२) नापी नक्सा मै घर देखिएकोमा वाहेक अन्य घरमा धारा, विजुली, टेलिफोन जस्ता सुविधा जडान गर्न अधि सम्बन्धित निकायले भवन निर्माण सम्पन्न प्रमाण–पत्र समेत हेरी त्यस्तो सुविधा जडान गरिदिनु पर्ने गरिएको छ ।

१३) नापी नक्सा मै घर देखिएकोमा वाहेक अन्य घरको कुनै प्रकारको लिखित पारित गर्दा वा धितो राख्दा वा बैंक ग्यारेन्टी राख्दा नामसारी दाखिला खारेज गर्दा सम्बन्धित निकायले नक्सा पास भएको तथा निर्माण पूरा भएको प्रमाण समेत हेर्नु पर्ने गरिएको छ ।

१४) नक्सा पास नगराई वा तोकिएको मापदण्ड विपरीत हुने गरी अनियमित रुपमा निर्माण भएका घरमा सम्बन्धित निकायले धारा, विजुली, टेलिफोन जस्ता सुविधा जडान गर्न नदिने र कुनै प्रकारको लिखित पास दाखिला खारेज, नामसारी गर्न नहुने, धितो लिने बैंक ग्यारेन्टी समेत लिन नदिने गरिएको छ ।

१५) घर जग्गा कर फुकुवा गर्न निर्माण सम्पन्न प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

## ७. निर्माण सम्पन्न प्रमाण-पत्र प्रदान गर्दा ध्यान दिनु पर्ने कुराहरु

भवन निर्माण कार्य पुरा भएपछि नगरपालिकाले घरधनीलाई निर्माण सम्पन्न प्रमाण-पत्र उपलब्ध गराउँदा निम्न कुराहरु ध्यान दिनु पर्दछ ।

CamScanner

१) नापी नक्सामा नै घर देखिएकोमा बाहेक नक्सा पास नगरी निर्माण भएकोमा रीतपूर्वक नक्सा पास गराई मात्र निर्माण सम्पन्न प्रमाण-पत्र दिइनेछ ।

२) नापी नक्सामा घर देखिएकोमा पनि निर्माण सम्पन्न प्रमाण-पत्र दिंदा मापदण्ड अनुकुल निर्माण भएको देखिएमा मात्र निर्माण सम्पन्न प्रमाण-पत्र दिइनेछ ।

३) घर निर्माणको प्रमाण पत्र दिंदा घरमा बस्नको लागि न्यूनतम कुराहरु जस्तै झ्याल ढोकाको खापा, छत, गारो र सेप्टीक ट्याङ्क आदि बनिसकेको हुनुपर्नेछ ।

४) सरकारी वा सार्वजनिक जग्गामा निर्माण भएमा प्रमाण-पत्र दिइने छैन ।

५) प्रमाण-पत्र दिंदा निर्माणकर्ताले निर्माण पूरा भएको र डिजाइनरको सिफारिस सहित लिखित जानकारी दिएपछि प्राविधिक खटाई निरिक्षण गराई स्वीकृत नक्सा अनुसार निर्माण कार्य सम्पन्न देखिएमा मात्र प्रमाण-पत्र दिइनेछ ।

६) एक तल्ला भन्दा बढीको नक्सा पास भएकोमा, पास भए जति सबै तल्ला निर्माण भइ नसकेको भए, जति तल्लाको निर्माण भइसकेकोछ त्यतिको मात्र आशिंक निर्माण सम्पन्न प्रमाण पत्र दिन सक्नेछ र बाँकि भाग म्याद भित्रै निर्माण कार्य पूरा गरी सम्पूण भवनको निर्माण सम्पन्न प्रमाण-पत्र दिइनेछ ।

७) शौचालय तथा निजी सेप्टीक ट्याङ्क नबनाई सार्वजनिक नदी, नाला, खोल्सा तथा सार्वजनिक ठाउँमा निजी ढल जोडेकोमा सो नरोकेसम्म यो प्रमाण-पत्र दिइने छैन ।

८) भवन जुन प्रयोजनको लागि नक्सा पास भएको छ, सो परिवर्तन भएमा दिइएको निर्माण सम्पन्न प्रमाण-पत्र समेत यस कार्यालयले रद्द गर्न सक्नेछ ।

९) निर्माण स्थल वरिपरि निर्माण सामाग्री उठाउने जिम्मेवारी निर्माणकर्ता स्वयमको हुनेछ अन्यथा नगरपालिकाले उठाई जरिवाना समेत गर्न सकिने छ ।

## ८. नक्सा पास दस्तुर सम्बन्धि विवरण

नगरपालिकाले नक्सा पास नक्सा म्याद थप लगायत अन्य नक्सा सम्बन्धि सेवाहरुको लागि निम्नअनुसार दस्तुर तोकेको छ ।

CamScanner

| सि.नं | विवरण | दस्तुर, रु. |
|---|---|---|
| १ | नक्शा फाराम प्रति थान | .......... |
| २ | नक्शा पास कर प्रति वर्ग फुट ( शहरी क्षेत्र ) | .......... |
| ३ | नक्शा पास कर प्रति वर्ग फुट ( ग्रामिण क्षेत्र ) | .......... |
| ४ | निर्माण सम्पन्न प्रमाण पत्र | .......... |
| ५ | निर्माण सम्पंन्न दस्तुर | .......... |
| ६. | नामासारी दस्तुर प्रति वर्ग फुट | .......... |
| ७ | म्याद थप:<br>नक्शा पास गर्दा लिएको नक्शा करको ५ प्रतिशत दस्तुर | .......... |
| ८. | मर्मत ईजाजतको लागि<br>मर्मत फाराम दस्तुर<br>मर्मत स्वीकृत दस्तुर | .......... |
| ९. | प्रतिलिपी दस्तुर<br>नक्शा प्रति कपी दस्तुर<br>अन्य कागजातहरुको प्रति कपी दस्तुर | .......... |
| १० | डिजाईनर दर्ता (रेजिस्ट्रेसन) दस्तुर<br>डिजाईनर आवेदन फाराम दस्तुर<br>क बर्गको लागि ख बर्गको लागि | .......... |

**अनुसुचि १ रु बडीमालिका नगरपालिकाको बस्ती विकास, सहरी योजना र भवन निर्माण मापदण्ड २०८२ को संक्षिप्त विवरण**

आवासीय तथा व्यापारिक क्षेत्रको लागी निर्माण तथा घर अभिलेखिकरणको मापदण्ड

आवासीय क्षेत्रको लागी तल तालिकामा विभिन्न साईजका घडेरीहरुका लागी हुनुपर्ने ग्राउन्ड कभरेज प्रतिशत (GCR) राफ्लोर एरीया रेसियो (FAR) दिईएको छ.

- नक्सा पास वा घर अभिलेखिकरणको लागि घडेरीको न्यूनतम क्षेत्रफल: ७० वर्ग मिटर हुनुपर्दछ।
- नक्सा पास वा घर अभिलेखिकरणको लागि भवन वा प्लट आवत जावतको निमित्त आवश्यक पर्ने निजि बाटोपनि सार्वजनिक बाटोसँग जोडिएको हुनुपर्दछ वा वडा कार्यालयले बाटो प्रमाणित गरेको हुनुपर्दछ
- ६ मिटर भन्दा कम चौडाईको सडकको भवनमा सटर राख्न पाईने छैन।
- फ्रेमस्ट्रक्चर भवनको मात्र घर अभिलेखिकरण गरिनेछ .।

<u>निर्माण गर्दा हेर्नुपर्ने फ्लोर एरिया रेसियो (FAR)र ग्राउन्ड कभरेज प्रतिशत(GCR)</u>

अ) आवासीय

| सि.नं. | घडेरी क्षेत्रफल (वर्ग मिटर) | अधिकतम ग्राउन्ड कभरेज प्रतिशत (GCR) | अधिकतम फ्लोर एरीया रेसियो (FAR) |
|---|---|---|---|
| १. | ७०-१५० | ७५ | ३.५ |
| २. | १५०-२५० | ७५ | ३.५ |
| ३. | २५०-५०० | ६० | ३.० |
| ४. | ५००-१००० | ६० | ३.० |

आ) गैर आवासीय:

| सि.नं. | गैर आवासीय क्षेत्रहरु | न्यूनतमजग्गाको क्षेत्रफल (वर्ग मिटर) | अधिकतम ग्राउन्ड कभरेज प्रतिशत (GCR) | अधिकतम फ्लोर एरीया रेसियो (FAR) |
|---|---|---|---|---|
| १. | सरकारी तथा अर्ध सरकारी कार्यालय | - | ५० | २.० |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २. | अस्पताल | ३००० | ३५ | १.२५ |
| ३. | होटेल/लज | ३०००/५०० | ४० | १.५ |
| ४. | स्कुल / क्याम्पस | २०००/६५०० | ४० | १.२५ |
| ५. | अडिटोरीयम / सामुदायिक हल | - | ३५ | १.० |
| ६. | धर्मशालातथा रात्रि बस | ८०० | ४० | १.५ |
| ७. | सिनेमा हल, थिएटर सभा गृह | १०२० | ३५ | १.० |
| ८. | प्रहरि चौकी | - | ५० | १.२५ |
| ९. | व्यापारीक कम्प्लेक्स / सुपर मार्केट | ३००० | ४० | २.० |
| १०. | पेट्रोल पम्पहरु नयाँ | - | २० | २.० |
| ११. | धार्मिक स्थलहरु | - | ४० | १ |

२४ सेट ब्याक (Set Back)

- झ्याल ढोका राखी भवन निर्माण गर्दा प्लटको अगाडि, पछाडि, किनारा एवं जता पट्टी झ्याल ढोका राखे हो त्यता पट्टी कम्तीमा १.५ मिटर वा ५ फिट छाड्नु पर्नेछ।
- जग्गाको सौंधसिमाना बाट कम्तिमा १ मिटर छोडेर मात्र भवनको पिलर वा भारवहन गारो निर्माण गर्न दिइनेछ।
- सटर राख्दा कम्तिमा २ मिटर सेट ब्याक छोड्नु पर्नेछ।
- भवन निर्माण स्थलको किनारा तर्फ सडक वा सार्वजनिक जग्गा परेकोअवस्थामा सडक / सार्वजनिक जग्गाको सौंध पछि
  कम्तीमा ३ फिट छाड्नु पर्नेछ।
- सडक सँग जोडिएको भवनमा सडक तर्फ Cantilever projection निकाल्न पाइने छैन।
- स्थान छनोट गर्दा समथल वा ३० डिग्री भन्दा कम भिरालो क्षेत्र रोज्नु पर्दछ र भिरालो जमिनको फेदीबाट कम्तीमा ३
  मिटर छाडेर मात्र भवन बनाउन पाइनेछ।
- खोला, नदी किनार बाट ३० मि. छाडि भवन निर्माण कार्य गर्नु पर्नेछ।
- ताल किनारा बाट ५० मि. छाडि भवन निर्माण कार्य गर्नु पर्नेछ।
- कुलो किनार बाट १० मि. छाडि भवन निर्माण कार्य गर्नु पर्नेछ।

CamScanner

- संस्थागत, सरकारी, सामुदायिक लगायत सार्वजनिक भवनको हकमा न्युनतम ३ मि सवटयाक छोड्नु पर्नेछ ।

नगरपालिका क्षेत्रभित्रको सडकको चौडाई तथा प्रस्तावित अधिकार क्षेत्र (ROW)

२५.१ अबउप्रान्त नगरपालिका क्षेत्र भित्र नयाँ खुल्ने सडकहरुका हकमा ROW कम्तीमा ६ मि. हुनेछ। तर प्राविधिक समितिको सिफारीसमा जटिल भौगोलिक क्षेत्रमा सडकको चौडाइ न्युनतम ४ मि. कायम गर्न सकिने छ । यस्ता नयाँ निर्माण हुने सडक छेउमा भवन निर्माण गर्न स्वीकृति दिदा सडक तर्फको न्युनतम सेट ब्याक १.५ मि. कायम गरीनेछ ।

२५.२ सडकको वर्गीकरण अनुसार तथा चौडाईका आधारमा सडक क्षेत्र (ROW)निर्धारण हुने छ।

२५.३ भवनहरु निर्माण भइसकेका ४ मि. भन्दा कम चौडा सार्वजनिक सडकहरुको क्षेत्राधिकार सो सडकको केन्द्र रेखावाट १.५ मि. कायम गरीनेछ ।

२५.४ यो मापदण्ड लागुहुनु अगावै कायम रहेका र भवन निर्माण भइसकेका ५० मिटर भन्दा छोटा बाटाहरुको (Cul-de-sac/Dead-End) को क्षेत्राधिकार सो बाटोको केन्द्र रेखाबाट न्युनतम १.५ मि. कायम रहनेछ।

२५.५ नयाँ बाटोको घुम्ति वा मोडको न्यूनतम अर्धव्यास बटोको चौडाई भन्दा २०% ले वढी चौडा भएको हुनु पर्नेछ।

१७. विद्युत

- २३०/४०० देखि ११००० भोल्ट सम्मको नाङ्गो तार छेउवाट कम्तीमा २/२ मिटर छोड्नुपर्ने छ।
- ११००० देखि ३१००० भोल्ट सम्मको तार छेउबाट कम्तीमा ५/५ मिटर छोड्नुपर्ने छ ।
- १३२ कि.भो. सम्मको तार छेउवाट कम्तीमा ७/७ मिटर छोड्नुपर्ने छ।

१९. ढल /नाला

- चर्पी नभएमा भवन निर्माणको लागी स्वीकृति दिईने छैन।
- सतहको ढलमा कुनै पनि किसिमको ठोस फोहरमैला एवं विषालु पदार्थ पठाउन पाइने छैन।
- सडक अधिकार क्षेत्र भित्र सेप्टिटयाक र सोक पिट निर्माण गर्न दिइने छैन।

२०. बैंकिङ् र इन्स्युरेन्स कारोबार

निर्माण सम्पन्न प्रमाणपत्र विना भवनको बैंकिङ् र इन्स्युरेन्स कारोबार गर्न पाइने छैन ।

१. अनुसूचि २ रु भवन निर्माण मापदण्ड सम्बन्धि थप जानकारी

भवन बनाउँदा कति कति जमिन ओगटेर बनाउन पाईन्छ?

- भवन बनाउँदा कति जग्गा ओगट्न सकिन्छ र कति जग्गा खालि रहनु पर्दछ भन्ने कुरा जग्गा उपयोग प्रतिशत (Ground Coverage Percentage) ले निर्धारण गर्ने गर्दछ। नेपाल सरकारले २०७२ चैत्र २६ गते अगाडि नै कित्ताकाड भइसकेको आवासीय तथा मिस्रित आवासीय भवनका लागि देहायको अधिकतम जग्गा उपयोग प्रतिशत निर्धारण गरेको छ

| जग्गाको क्षेत्रफल | खालि राख्नु पर्ने (न्यूनतम) ( प्रतिशत) | जग्गा उपयोग अधिकतम (प्रतिशत) |
|---|---|---|
| ८० वर्गमिटर सम्म | १० | ९० |
| २५० वर्ग मिटर सम्म | ३० | ७० |
| २५० वर्गमिटर भन्दा बढी | ४० | ६० |

- नेपाल सरकारले २०७२ चैत्र २६ गते देखि कित्ताकाड भएको आवासीय तथा मिस्रित आवासीय भवनको हकमा देहाय अनुसार हुने गरी अधिकतम जग्गा उपयोग प्रतिशत निर्धारण गरेको छ ।

| जग्गाको क्षेत्रफल | खालि राख्नु पर्ने (न्यूनतम) ( प्रतिशत) | जग्गा उपयोग अधिकतम (प्रतिशत) |
|---|---|---|
| २५० वर्ग मिटर सम्म | ३० | ७० |
| २५० वर्गमिटर भन्दा बढी | ४० | ६० |

- नेपाल सरकारले आवासीय तथा मिस्रित आवासीय भवन देखि बाहेकका अन्य सबै प्रकारका भवनका लागि अधिकतम जग्गा उपयोग प्रतिशत ५० कायम गरेको छ। उदाहरणका लागि यदि कसैले

CamScanner

डिपार्टमेन्टल स्टोर बनाउन खोजेमा कूल घडेरीको कम्तिमा ५० प्रतिशत जमिन खाली राखेर भ
निर्माण गर्न सक्दछ। यो नियम संस्थागत भवन, सार्वजनिक भवन, सामुदायिक,सरकारी भवनला
समेत लागु हुन्छ।

| भवनको उचाइ | छिमेकि पटि छाड्नु पर्ने न्यूनतम सेटव्याक | | |
|---|---|---|---|
| | सार्वजनिक भवन | अन्य भवनहरु | अपार्टमेन्ट |
| १० मिटर सम्म | ३ मिटर | १.५ मिटर | ६ मिटर |
| १० मिटर भन्दा बढी १७ मिटर सम्म | ३ मिटर | २ मीटर | ६ मिटर |
| १७ मिटर भन्दा अग्ला | ५ मीटर | ५ मीटर | ६ मिटर |

नोट:

१) १७ मिटर भन्दा अग्ला जुनसुकै भवनहरुको उचाइ र सँधियारतर्फको सेटव्याकको अनुपात ४:१ हुने गरी तर न्यूनतम सेटव्याक ५ मिटर भन्दा कम नहुने गरी भवन निर्माण गर्नु पर्दछ।

२) १० मिटर सम्म अग्ला भवनको हकमा झ्याल ढोका वा भेन्टिलेटर नराखे भएमा संधियार तर्फ वा एउटै कित्ताको जग्गामा स्वीकृत प्राप्त गरी वनीसकेको घर भए सो तर्फ भवन संहिता २०६० को प्रतिकूल नहुने गरी टाँसिएको भवन निर्माणको स्वीकृति दिन सकिनेछ।

| सडकको किसिम | सडक सीमावाट छाड्नु पर्ने न्यूनतम सेटव्याक | | | |
|---|---|---|---|---|
| | आवासीय भवन | व्यापारिक भवन | सार्वजनिक भवन | अपार्टमेन्ट |
| राष्ट्रिय राजमार्ग | ६ मिटर | ६ मिटर | ६ मिटर | ८ मिटर |
| फिडर सडक | ६ मिटर | ६ मिटर | ३ मिटर | ८ मिटर |
| स्थानीय सडक | १.५ मिटर | २ मिटर | ३ मिटर | ८ मिटर |

नोट:

१ राजमार्ग, सहायक मार्ग,रणणितिक सडक, जिल्ला स्तरीय सडकको बजार क्षेत्रको हकमा साविकमा सेटव्याक कायम नभई सकेको हकमा न्यूनतम सेटव्याक ३ मिटर हुनु पर्ने र २०७३ चैत्र २८ अघि नेपाल सरकारवाट यस्ता सडकको सेटव्याक निर्धारण भइ सकेको भए सोही नै कायम गर्नु पर्नेछ।

२. अपार्टमेन्टको हकमा अगाडी पट्टी सेटव्याक ८ मिटर र दायाँ, बायाँ र पछाडिपट्टि न्यूनतम [illegible] मिटर सेटव्याक रहनेछ।

CamScanner

सडकको संस्थागत अधिकार क्षेत्र र सेटव्याकको न्यूनतम मापदण्ड

| सडकको तह वा श्रेणी | अधिकार क्षेत्र ( मिटर) | सेटव्याक | सडक अधिकार क्षेत्र र सेटव्याको कुल योग | जिम्मेवार संस्था |
|---|---|---|---|---|
| राजमार्ग | ५० मिटर | ६ मिटर | सडक विभाग | ६२ मिटर |
| सहायक राजमार्ग (फिडर सडक) | ३० | ६ मिटर | सडक विभाग | ४२ मिटर |
| जिल्ला सडक | २० मिटर | ६ मिटर | जिल्ला समन्वय समिति | ३२ मिटर |



२.




सडकको सेक्सन

३. भवन निर्माण गरिने घडेरी (Plot) को न्यूनतम क्षेत्रफल कति आवश्यक पर्दछ ?

| प्रयोजन र भवनको प्रकार | न्यूनतम क्षेत्रफल |
|---|---|
| अस्पताल | ३००० वर्ग मिटर |
| आवासीय घडेरी | २ आना २ पैसा ( ८० वर्ग मिटर) |
| उद्दोगको समूह उद्योग वा सेवा केन्द्र | २००० वर्ग मिटर |
| औद्दोगिक क्षेत्र भित्रको प्लट | २०० वर्ग मिटर |
| धर्मशाला | ८०० वर्ग मिटर |
| पाहुना घर , बोर्डिङ्ग तथा लजहरु | ५०० वर्ग मिटर |
| योजना बद्ध उपक्षेत्रमा रहने प्लट | ८० वर्ग मिटर |
| रात्री बास | ८०० वर्गमिटर |
| व्यापारिक कम आवासीय घडेरी | ८० वर्ग मिटर |
| संयुक्त आवास | २२५० वर्ग मिटर |
| संयुक्त आवास ( पहाडी सहरमा) | १००० वर्ग मिटर |

४. बस्ती विकासका आधारभूत मापदण्ड के कस्ता रहेका छन ?

